



ISSN: 2990-7993(P)
Dhaulagiri Journal of Contemporary Issues
Vol 3, Issues 1
June, 2025

DOI: https://doi.org/10.3126/djci.v3i1.79702
**Published by**: Research Management Committee, Dhawalagiri Multiple Campus, Baglung
**Home Page**: https://dmcjournal.edu.np/index.php/DWJCI
**Nepjol Home Page:** https://www.nepjol.info/index.php/djci

# हारजित कथामा विश्वदृष्टि

गणेशप्रसाद शर्मा, विद्यावारिधि
उपप्राध्यापक नेपाली विभाग, धवलागिरि बहुमुखी क्याम्पस, त्रि. वि.
Email: ganeshpaudel959@gmail.com

**लेखसार**

प्रस्तुत लेख भवानी भिक्षुको 'हारजित' कथामा प्रयुक्त विश्वदृष्टिमा केन्द्रित रहेको छ । भिक्षु मनोवैज्ञानिक र सामाजिक यथार्थवादी कथाकारका रूपमा स्थापित सर्जक हुन् । विश्वदृष्टि फ्रान्सेली चिन्तक तथा समालोचक लुसियन गोल्डमानद्वारा प्रतिपादित सिद्धान्त हो । लेखकले कृतिको सिर्जना गर्दा आफ्ना विचार तथा अनुभूतिहरूलाई व्यक्त गर्ने भए पनि ती उसका निजी विचार नभई लेखक बाँचेको समाजका अन्य व्यक्तिका चिन्तनबाट प्रभावित भएर सुसङ्गत दृष्टिको विकास भई विश्वदृष्टिको निर्माण हुने गोल्डमानको मान्यता रहेको छ । विश्वदृष्टिले परावैयक्तिक वा सामूहिक चेतना व्यक्त गर्ने र यस कथामा पनि परावैयक्तिक चेतनाका रूपमा वर्गीय, लैङ्गिक तथा सांस्कृतिक विश्वदृष्टिका सन्दर्भहरू उल्लेख भएकाले प्रस्तुत कथा विश्वदृष्टिका कोणबाट अध्ययनीय रहेको छ । यस लेखमा पाठक, रिमाल, भण्डारी, श्रेष्ठ र आचार्य एवम् शर्मालगायतले गरेका पूर्वकार्यबाट प्राप्त रिक्तताका आधारमा निर्दिष्ट कथामा वर्गीय, लैङ्गिक र सांस्कृतिक विश्वदृष्टि केकसरी प्रस्तुत गरिएको छ भन्ने प्रश्नलाई मुख्य समस्या बनाइएको छ । यही समस्यामा सीमित भई खोजमूलक अध्ययन गरिएको यस लेखमा उक्त समस्याको विश्लेषणात्मक समाधान खोज्ने उद्देश्य राखिएको छ । यसमा निर्दिष्ट समस्या, उद्देश्य र सीमामा रहेर पुस्तकालयकार्यको उपयोग गरी प्राथमिक र द्वितीयक स्रोतका सामग्रीको सङ्कलन गरेर आवश्यकताअनुसार वर्णनात्मक, व्याख्यात्मक एवम् विश्लेषणात्मक विधिको उपयोग गरी अध्ययन कार्य गरिएको छ । अध्ययनबाट प्रस्तुत कथामा  धनी वर्गले गरिब वर्गप्रति हेपाहा दृष्टिकोण राखे पनि धनीगरिब सबैको इज्जत हुने लगायतका वर्गीय विश्वदृष्टि; बुहारी घर तथा समाजको इज्जत प्रतिष्ठा भएकाले उसले सामान्य अवस्थामा घर छोडेर हिँड्न नहुने लगायतका लैङ्गिक विश्वदृष्टि र धेरै कोसेलीसहित आँखामा आँसु बगाएर छोरी बिदाई गरेको लगायतका सन्दर्भ प्रस्तुत गरी सांस्कृतिक विश्वदृष्टि अभिव्यक्त भएको निष्कर्ष प्राप्त भएको छ । यस अध्ययनले शीर्षकसम्बद्ध विषयमा देखिएको रिक्तता पूर्ति गर्नुका साथै अनुसन्धाताहरूलाई थप खोजकार्यका लागि मार्गदर्शन गर्ने अपेक्षा गरिएको छ ।

*शब्दकुञ्जी* : परावैयक्तिक चेतना, लैङ्गिक, वर्गीय, सांस्कृतिक, सुसङ्गत दृष्टि

**Article Information**
**Received**: 21 March, 2025 **Reviewed:** 26 March, 2025 - 25 April, 2025 Revised: 25 April, 2025- 8 May, 2025
**Accepted:** 10 May, 2025 **Published:** 2 June, 2025
*Corresponding Author:* Ganesh Prasad Sharma
© by author: This article is licensed under the terms and conditions of Creative Commons Attribution Non-commercial (CC BY NC) License (https://creativecommons.org/licenses/by-nc/4.0/

## परिचय

हारजित कथा भवानी भिक्षु (१९६६-२०३८) ले लेखेका हुन् । उनी आधुनिक कथा विधाका स्थापित सर्जक हुन् । उनले प्रारम्भमा हिन्दी भाषामा कथा सिर्जना गरेका र बनारसबाट प्रकाशित हुने *कहानी* साहित्यिक पत्रिकामा प्रकाशित भएका भनिए पनि अहिलेसम्म ती प्राप्त भएका छैनन् । उनी नेपाली कथा विधाका क्षेत्रमा भने १९९५ मा *शारदा* पत्रिकामा 'मानव' कथा प्रकाशित भएपछि सार्वजनिक भएका हुन् । चार दशक लामो कथायात्रामा भिक्षुका *गुनकेशरी* (२०१७), *मैयाँसाहेब* (२०१७), *आवर्त* (२०२४) र *अवान्तर* (२०३४) गरी चारओटा कथासङ्ग्रहमा चवालीसओटा कथा प्रकाशित छन् । यिनका अतिरिक्त *मधुपर्क* (२०३३) मा प्रकाशित 'विधाताको शिल्प' र *मधुपर्क* (२०३४) मा नै प्रकाशित 'स्वार्पण' समेत उनका जम्मा छयालीसओटा कथा प्रकाशित छन् । यिनै प्रकाशित कथाका माध्यमबाट भिक्षुको स्थान आधुनिक कथाका क्षेत्रमा स्थापित भएको छ । *मैयाँसाहेब* कथासङ्ग्रह (२०१७) मा सङ्गृहीत शोध्य कथा 'हारजित' उनका प्रतिनिधि कथामध्येको एक हो ।

प्रस्तुत अध्ययन लुसियन गोल्डमानले प्रतिपादन गरेको विश्वदृष्टिसम्बन्धी मान्यतामा केन्द्रित रहेको छ । लेखकले कृतिको सिर्जना गर्दा प्रस्तुत गरेका विचार उसका निजी विचार नभई सामूहिक वा परावैयक्तिक हुन्छन् भन्ने मान्यता विश्वदृष्टिको सिद्धान्तले प्रस्तत गरेको छ । पात्रका मानसिक दशा र सामाजिक यथार्थको चित्र प्रस्तुत गरिएको यस कथामा सामूहिक विचार पनि अभिव्यक्त भएका छन् । यसर्थ प्रस्तुत कथा विश्वदृष्टिका आधारमा पनि अध्ययनीय रहेको छ । यसमा वर्गीय, लैङ्गिक र सांस्कृतिक विश्वदृष्टिको निर्माण भएको पाइन्छ । कथ्यवस्तु र त्यससँग सम्बद्ध भई पात्रहरूले व्यक्त गरेका विचार र व्यवहारका माध्यमबाट कथामा विश्वदृष्टिको प्रस्तुति हुने गर्दछ ।

भवानी भिक्षुका कथा प्राज्ञिक दृष्टिले गहन, अनुसन्धेय र समस्यामूलक रहेका छन् । प्रस्तुत लेखमा भिक्षुको 'हारजित' कथालाई विवेच्य सामग्री बनाई विश्वदृष्टिका कोणबाट अध्ययन विश्लेषण गरिएको छ । विश्वदृष्टिलाई आधार बनाएर 'हारजित' कथाको वर्गीय विश्वदृष्टि, लैङ्गिक विश्वदृष्टि र सांस्कृतिक विश्वदृष्टिका आधारमा मात्र अध्ययन गरिएको छ । 'हारजित' कथामा विश्वदृष्टिको अध्ययन गर्ने नवीन कार्य गरिएकाले यसको उपयोगिता र औचित्य स्वतः पुष्टि हुन्छ ।

## पूर्वकार्यको अध्ययन

'हारजित' कथामा केन्द्रित भएर केही पूर्वकार्य पनि भएका छन् । जया पाठकले *उन्नयन* (२०४९) पत्रिकामा प्रकाशित 'भिक्षुको कथाकारिता र हारजित कथामा प्रतिबिम्बित तराई समाज' शीर्षकको लेखमा भिक्षुको कथाकारितामाथि प्रकाश पारेकी छन् । उनले यसमा पश्चिम तराईको तौलिहवा क्षेत्रको जीवनशैली, मर्यादा र सामाजिक गरिमाको चित्रण गरिएको उल्लेख गरेकी छन् । डिल्लीराम रिमालले *उन्नयन* (२०४९) पत्रिकामा प्रकाशित 'मानवीय उच्च अहम्को द्वन्द्वका रूपमा हारजित' शीर्षकको लेखमा उल्लिखित कथामा प्रस्तुत द्वन्द्वलाई अध्यात्मवाद र भौतिकवादका बिचको मात्र नभई सामाजिक मूल्य, मानक र प्रतिष्ठाका बिचको द्वन्द्व हो भनेका छन् । यसमा उनले कथामा घुरहू र मनोहरका बिचमा उच्च अहम्का कारणले द्वन्द्व सिर्जना भएको निष्कर्ष प्रस्तुत गरेका छन् । गोपाल भण्डारीले *भवानी भिक्षुका कथामा मनोविज्ञान* (२०५१) विद्यावारिधि शोधप्रबन्धमा 'हारजित' कथाको मूल समस्या प्रतिष्ठाजन्य मानसिक सङ्घर्ष भएको र यसमा तराईको ग्रामीण संस्कृतिलाई पनि सजीव रूपमा प्रस्तुत गरिएको भनेका छन् । दयाराम श्रेष्ठ र व्रतराज आचार्यले *नेपाली साहित्य सञ्चय* भाग १ (२०५५) सम्पादित पुस्तकमा 'हारजित' कथा नेपालको तराई खण्डको सामाजिक पृष्ठभूमिमा लेखिएको कथा हो भनेका छन् । गणेशप्रसाद शर्माले *प्रज्ञा-सारथि* (२०८०) पत्रिकामा प्रकाशित 'भवानी भिक्षुका कथामा वर्गद्वन्द्व' शीर्षकको लेखमा 'हारजित' कथामा सोनवाको मजुरीसम्बन्धी विवादमा केन्द्रित भई निम्न र उच्चवर्गका पात्रहरूका बिचमा वर्गद्वन्द्व सिर्जना भएको उल्लेख गरेका छन् । गणेशप्रसाद शर्माले नै *भवानी भिक्षुका कथामा द्वन्द्वविधान* (२०८१) विद्यावारिधि शोधप्रबन्धमा 'हारजित' कथामा आयोजित हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिच द्वन्द्वविधान, शक्तिका लागि सिर्जित द्वन्द्वविधान र प्रतिष्ठाका लागि सिर्जित द्वन्द्वविधानका साथै यी प्रकृतिका द्वन्द्वविधानको आयोजन गरिनुका प्रयोजनको शोधमूलक अध्ययन गरेका छन् ।

पूर्वकार्यका रूपमा प्राप्त विभिन्न अध्ययनमा 'हारजित' कथामा प्रस्तुत विश्वदृष्टिविषयक अध्ययन भएको देखिँदैन । यही नै यस अध्ययनको शोध रिक्तता हो । प्रस्तुत अध्ययनमा 'हारजित' कथामा वर्गीय, लैङ्गिक र सांस्कृतिक विश्वदृष्टि केकसरी प्रस्तुत गरिएको छ भन्ने प्रश्नमा केन्द्रित भई शोध्य सामग्रीको विश्लेषण गरी शोध रिक्तताको समाधान खोज्ने कार्य गरिएको छ । यस क्रममा उल्लिखित कथामा प्रस्तुत वर्गीय विश्वदृष्टि, लैङ्गिक विश्वदृष्टि र सांस्कृतिक विश्वदृष्टिको खोजीमा मात्र यस अध्ययनलाई सीमित गरिएको छ । यस अध्ययनले 'हारजित' कथामा केन्द्रित भएर विश्वदृष्टिसम्बन्धी नवीन प्रकृतिको खोजकार्य गर्ने भएकाले यसको उपयोगिता र औचित्य पुष्टि हुने देखिन्छ ।

## अध्ययनविधि र प्रक्रिया

प्रस्तुत लेखका लागि आवश्यक सामग्री सङ्कलन गर्न पुस्तकालयकार्यको उपयोग गरिएको छ । कथाकर भवानी भिक्षुद्वारा रचित 'हारजित' कथा यस लेखका लागि उपयोग गरिएको प्राथमिक स्रोतको सामग्री हो । अध्ययनको शीर्षकसँग सम्बन्धित सैद्धान्तिक र प्रायोगिक कार्यहरू द्वितीयक स्रोतका सामग्री हुन् । पुस्तकालयकार्यबाट प्राप्त सामग्रीहरूलाई टिपोटविधिको उपयोग गरी सङ्कलन गरिएको छ । सङ्कलित सामग्रीको अध्ययन गुणात्मक पद्धतिबाट निर्देशित भई विषयवस्तु विश्लेषणविधिका आधारमा गरिएको छ । 'हारजित' कथाबाट विश्लेष्य सामग्री ग्रहण गरेर ती सामग्रीका आधारमा सूचकको निर्धारण गरी आवश्यकताअनुसार वर्णनात्मक, व्याख्यात्मक एवम् विश्लेषणात्मक विधिको उपयोग गरेर अध्ययन कार्यलाई अघि बढाइएको छ । अध्ययन र विश्लेषणको सैद्धान्तिक आधार लुसियन गोल्डमानको विश्वदृष्टिसम्बन्धी मान्यता हो ।

यही मान्यता र विश्लेष्य सामग्रीमा केन्द्रित भई अध्ययनको अवधारणात्मक आधार निर्धारण गरिएको छ । उल्लिखित कथामा प्रयुक्त विश्वदृष्टि यस अध्ययनको अवधारणा हो । कथाको अध्ययनका क्रममा वर्गीय विश्वदृष्टि, लैङ्गिक विश्वदृष्टि एवम् सांस्कृतिक विश्वदृष्टिलाई सूचक बनाएर अध्ययन र विश्लेषणकार्य गरिएको छ ।

## सैद्धान्तिक आधार

प्रस्तुत लेखका लागि फ्रान्सेली समालोचक तथा चिन्तक लुसियन गोल्डमानद्वारा प्रतिपादित विश्वदृष्टिसम्बन्धी मान्यतालाई सैद्धान्तिक आधार बनाइएको छ । विश्वदृष्टि समाजका विभिन्न समूहबाट निर्माण हुने र त्यो खास समुदायका सदस्यको व्यवहारमा देखापर्ने उनको विचार रहेको छ । उनले समाज र साहित्यका बिचमा सम्बन्धको खोजी गर्ने क्रममा कुनै निश्चित कालखण्डमा एक वर्ग वा समूहको विचार, अनुभूति, प्रवृत्ति, धारणा, कल्पना, आकाङ्क्षा, भावना र व्यवहारका माध्यमबाट विश्वदृष्टि प्रकट हुने विचार प्रस्तुत गरेका छन् (पाण्डेय, २०७३, पृ. १९-२०) । गोल्डमानका अनुसार समाजका वर्ग, लिङ्गजस्ता कुनै खास समूहका मानिसका मनमा रहेका विशेष खालका सुसङ्गत दृष्टिहरू नै विश्वदृष्टि हुन् । त्यस्ता दृष्टि समूहका सदस्यमा विद्यमान रहे पनि सुनियोजित रूपमा समूहले सिर्जना गरेको नभई विभिन्न कालखण्डका परिस्थितिसँग जुध्दै जाँदा निर्मित भएका हुन्छन् र त्यसरी संरचित विश्वदृष्टिले त्यस समूहका सदस्यलाई एकताबद्ध बनाएको हुन्छ (सेरिडन, सन् १९७५, पृ. १६०) । साहित्यिक कृतिमा लेखकले प्रस्तुत गरेको विचार उसको व्यक्तिगत विचार नभएर उसले बाँचेको समय एवम् समाजबाट निर्मित सामूहिक चेतना हो । त्यो चेतना समाज अनि युगको सापेक्षतामा निर्मित हुने भएकाले त्यो विचार समाजको संरचनासँग समतुल्य हुन्छ भन्ने गोल्डमानको मान्यता रहेको छ । प्रत्येक कृति लेखकको सिर्जना भएकाले उक्त कृतिमा लेखकका विचार र अनुभूति अभिव्यक्त हुने भए पनि लेखक ऊ बाँचेको समाज र वर्गका अन्य व्यक्तिको चिन्तनबाट भने प्रभावित हुन्छ । एउटा लेखकले आफू सम्बद्ध समूहको विश्वदृष्टि प्रस्तुत गर्ने भएकाले त्यो विचार लेखकको आफ्नो निजी भने हुँदैन । समाजको संरचनाबाट व्यक्तिको सिर्जनात्मक क्षमता र सम्भाव्यताका विविध आयामलाई हटाएको खण्डमा लेखकले काल्पनिक ब्रह्माण्डको निर्माण गर्न असमर्थ हुन्छ (बोयलहावर, सन् १९८०, पृ. १४०) । प्रत्येक महान् साहित्यिक कृतिमा मानवीय समस्या र मानवबिचको अन्तरसम्बन्धलाई सम्बोधन गर्ने क्रममा प्रस्तुत संरचनागत सङ्गतिबाट एउटा वर्ग वा समूहको जीवनजगत्का बारेमा अभिव्यक्त सुसङ्त दृष्टि नै विश्वदृष्टि हो भन्ने गोल्डमानको मान्यता रहेको छ ।  साहित्यिक कृतिले सामूहिक चेतना वा परावैयक्तिक चेतनालाई अभिव्यक्त गर्ने र एउटा वर्ग वा समुदायको पूर्णतम् सम्भावित चेतनाबाटै विश्वदृष्टिको निर्माण हुने उनको विचार रहेको देखिन्छ । कुनै वर्गको विश्वदृष्टिको संरचनासँग कृतिभित्र संरचित संसारको संरचनाको समानधर्मिता हुने र महान् रचनामा यो समानधर्मिता बढी हुने विचार पनि गोल्डमानले प्रस्तुत गरेका छन् (बोयलहावर, सन् १९८०, पृ. १४०) । उनले साहित्यका समाजशास्त्रीले साहित्यिक कृतिभित्र यही सामाजिक समानधर्मिताको खोजी गर्नुपर्ने कुरालाई जोड दिएका छन् । मेनेजर पाण्डेयले साहित्यको समाजशास्त्रलाई सुव्यवस्थित र विश्वसनीय बनाउने क्रममा समाजको कुनै वर्गको विश्वदृष्टिको संरचनासँग कृतिमा संरचित संसारको समानधर्मिता हुन्छ भन्ने गोल्डमानको विश्वदृष्टिसम्बन्धी मान्यतालाई उल्लेख गरेका छन् (पान्डेय, सन् १९८९, पृ. १४७) । वच्चन सिंहले कृति व्यक्ति विशेषद्वारा रचिने भए पनि त्यस रचनाको मूलमा उसले अनुभव गरेको समाजको विश्वदृष्टि अभिव्यक्त हुने भएकाले अनुभूत विश्वदृष्टि र बाहिरको विश्वप्रपञ्चमा तारतम्य खोज्नु समालोचकको कार्य भएको उल्लेख गरेका छन् (सिंह, सन् २००७, पृ.८९-९१) । उनले कृतिको आन्तरिकता र बाह्य सामाजिक प्रपञ्चमा सङ्गति या संवाद भएको नदेखिएमा त्यस्तो कृति तल्लो स्तरको हुने विचार व्यक्त गर्दै विश्वदृष्टिलाई वैयक्तिक सरोकारको विषय नमानेर सामाजिक महत्त्वको विषय मान्ने गोल्डमानको सामूहिक अर्थात् परावैयक्तिक चेतनाकै चर्चा गरेका छन् । यस लेखमा गोल्डमानको यही विश्वदृष्टिसम्बन्धी मान्यतालाई आवश्यकताअनुसार उपयोग गरी भवानी भिक्षुको 'हारजित' कथामा प्रस्तुत विश्वदृष्टिको अध्ययन गरिएको छ ।

## नतिजा र विमर्श

'हारजित' कथा भवानी भिक्षुको *मैयाँसाहेब* कथासङ्ग्रह (२०१७) मा सङ्गृहीत कथा हो । भिक्षुले यसको रचना वि.सं. २०१५ मा गरेका हुन् । यस कथाको संरचनागत स्वरूप मध्यम प्रकृतिको रहेको छ । आञ्चलिक रङ पाइने यस कथामा पश्चिम तराईको कपिलवस्तु जिल्लाको गोटिहवा गाउँलाई स्थानगत परिवेश बनाई त्यहीँका पात्रको उपयोग गरिएको  छ । कथामा अल्गुवाकी बुहारी सोनवाको मजुरीसम्बन्धी विवादसँगै उसको फिर्ती र रतियालाई कर्मघर बिदाइसम्मको कथ्य विषय प्रस्तुत गरिएको छ । यही क्रममा कथामा वर्गीय, लैङ्गिक र सांस्कृतिक विश्वदृष्टिको उपयोग भएको देखिन्छ । यसलाई लुसियन गोल्डमानको विश्वदृष्टिसम्बन्धी मान्यताका आधारमा अध्ययन गरिएको छ ।

### वर्गीय विश्वदृष्टि

मानव समाज विभिन्न किसिमका ऐतिहासिक चरणबाट विकसित हुँदै आएको हो । आदिम साम्यवादी समाजमा उत्पादनमा कसैको स्वामित्व नहुनाले कुनै शोषण र आर्थिक समानता थिएन (उपाध्याय, सन् १९८६, पृ.६६) । समाज वर्गहरूमा विभाजित भएपछि उत्पादनका साधनहरूमाथि स्वामित्व स्थापित गर्ने प्रतिस्पर्धा चल्न थालेको पाइन्छ ।  समाजमा श्रमको महत्त्व बढ्दै जाँदा आदिम साम्यवादी समाज दास र मालिकयुक्त वर्गीय समाजमा बदलिएको देखिन्छ । यसपछि समाजका मानिसहरू शोषक र शोषित, उच्चवर्ग र निम्नवर्गजस्ता समूहमा विभाजित भएका हुन् । श्रम, पुँजीजस्ता उत्पादनका साधनहरू मालिकहरूको हातमा केन्द्रित भएपछि श्रमिक वर्ग शोषणमा पर्न थालेको हो ।

यही सन्दर्भमा केन्द्रित भई कृतिमा विद्यमान वर्गीय विश्वदृष्टिको अध्ययन गर्न सकिने मान्यता गोल्डमानले प्रस्तुत गरेका छन् । यस आधारमा 'हारजित' कथा अध्ययनीय रहेको छ ।

'हारजित' कथामा आएका घुरहू, उतराहे, बदरिया, तोयफवा, अलगुवा, सोनवा, रतियालगायत निम्नवर्गका प्रतिनिधि पात्र हुन् । मनोहर र उसको छोरो भने कथामा उच्चवर्गका प्रतिनिधि पात्रीय भूमिकामा देखिएका छन् । कथामा अलगुवाकी बुहारी सोनवा घरपरिवारलाई जानकारी पनि नदिई मनोहरको घरमा मजुरी बस्न गएकी छ । उसले मनोहरसँग आफ्नी बुहारी फिर्ता माग्न सकेको छैन । कथामा मनोहरले गाउँका उच्चवर्गका सम्पन्न व्यक्तिको प्रतिनिधित्व गरेको छ । यस सन्दर्भमा कथामा भनिएको छ- "गाउँको जेठो रैती मनोहर नै हो, घरखेत सबैभन्दा बढ्ता । उसको गाडा खिच्ने बैलको जोडा वरिपरिका दश-पाँच गाउँमा प्रख्यात थियो, भैँसी पनि सात-सातओटा जसमा दुईओटा 'मुरो' जातका" (भिक्षु, २०६३, पृ. ३७) । कथामा आएको यस साक्ष्यले गाउँसमाजमा मनोहरको सम्पन्नतालाई दर्साएको छ । अलगुवा गाउँको गरिब किसान पात्रको रूपमा देखिएको छ । उसको गोजाङ्ग्रे छोरो केही कामको छैन । घर धान्ने उसकी बुहारी सोनवाले नै हो । उसैलाई मनोहरले मजुरी राखेको छ । मनोहरले मजुरीबाट सोनवालाई फिर्ता गर्नुपर्छ भन्नेमा सबै गाउँले एकमत देखिन्छन् तर मुख खोलेर बोल्ने एकाध मात्रै छन् । यसैबिच घुरहूलाई भेट्न आएका बेलामा उतराहेले घुरहूसँग "होइन महतो दाइ, अचाक्ली नै भयो । साराका छोरीबुहारी छन्, यसरी त चुप लाग्नु भएन । कोही धनी छ भने आफ्नो घरको धनी होला, तर इज्जत भनेको धनीगरीब दुवैको हो, यति त मान्नुहुन्छ, महतो ?" (भिक्षु, २०६३, पृ. ३८) भनेको छ । यस साक्ष्यमा उतराहेले निम्नवर्गको पात्र अलगुवाका पक्षमा बोलेको छ । उसले छोरीबुहारी यसरी मजुरी बस्न जाँदा इज्जतको प्रश्न उठ्ने भन्दै धनी हुँदैमा गरिबको इज्जतलाई बेवास्ता गर्न नमिल्ने कुरा गरेको छ । उसको यस विचारबाट समाजमा धनीगरिब सबैको इज्जत हुने र धनीले गरिबलाई हेपेर उसको इज्जतमाथि खेल्न नहुने विचार प्रस्तुत भएको छ । यसबाट गाउँसमाजमा उच्च वर्गका व्यक्तिको हेपाहा प्रवृत्ति र निम्न वर्गका व्यक्तिले उच्च वर्गका व्यक्तिहरूलाई हेर्ने दृष्टिकोणबाट वर्गीय विश्वदृष्टिको उद्‌घाटन भएको देखिन्छ ।

कथामा घुरहू महतो आर्थिक रूपले सम्पन्न व्यक्ति नभए पनि गाउँसमाजमा आइपरेका कुनै पनि समस्या आपत्विपत्मा उही अघि सरेर गाउँलेलाई सहयोग गर्ने गरेको छ । उसको आर्थिक अवस्थाको बारेमा कथामा भनिएको छ- "हुन त गाउँमा महतो कुनै धेरै जायजेथाका, बढ्ता खेत वा ठूलो घर भएका व्यक्ति थिएनन्" (भिक्षु, २०६३, पृ. ३७) । यस साक्ष्यबाट घुरहू गाउँको आर्थिक रूपले निम्नवर्गीय पात्र हो भन्ने देखिएको छ । गाउँसमाजमा ऊ सम्मान्य हुनुको कारण गरिब निम्नवर्गका पात्रहरूको भरोसाको आधार बन्न सक्नु नै हो । मनोहर गाउँको ठूलो रैती भएकाले उसको पहुँच अरूसँग तुल्य देखिँदैन । यस सन्दर्भमा कथामा भनिएको छ- "मनोहर गाउँमा ठूलो रैती ! पैसाको कमी थिएन; अड्डाअदालतमा पनि उससँग बाज्ने र बाजेर जित्ने कसैको आँट थिएन" (भिक्षु, २०६३, पृ. ३९) । यस साक्ष्यबाट मनोहर जायजेथा, बस्तुभाउ, धनसम्पत्ति, सरकारी एवम् अदालती पहुँच सबै कुराले उच्च भए पनि गाउँलेको विश्वास जित्न सकेको देखिँदैन । गाउँले किसानहरूले घुरहूलाई नै निर्णायक मानेका छन् । यस सन्दर्भमा कथामा भनिएको छ- "कसैले अन्न घट्यो, बीउ छैन, मरेको एउटा गोरु किन्न पैसा छैन भने मनोहरकै दुवार सबैलाई हेर्नुपर्छ ... तैपनि गाउँको निर्णय निसाफमा घुरहूकै एकलौटी राज्य छ" (भिक्षु, २०६३, पृ. ३९) । यस साक्ष्यले कथामा घुरहू र मनोहर दुई फरक वर्गका पात्रका बिचको फरक किसिमको स्थितिको रहस्य खोलेको छ । हुन पनि मनोहरले गाउँलेहरूलाई अन्न, बीउ, बस्तुभाउ आदि किन्नुपर्दा ब्याजमा रुपैयाँ पैसा सहयोग गर्दै आएको छ । यसो भए पनि गाउँलेहरू भने निर्णयनिसाफमा घुरहूकै पछि लागेका देखिन्छन् । यसले गर्दा गाउँको सम्पन्न र उच्चवर्गको पात्र मनोहर गाउँलेहरूसँग चिढिएको छ । यसमा निम्नवर्ग र उच्चवर्गका पात्रहरूका परावैयक्तिक दृष्टिकोण प्रस्तुत गरिएकाले वर्गीय विश्वदृष्टि अभिव्यक्त भएको देखिन्छ ।

गाउँमा सोनवाको मजुरीसम्बन्धी विवाद समाधान गर्न पञ्च भेलाको आयोजन गरिएको छ । उक्त भेलामा सहभागी हुन मनोहरको छोरो आफ्नो पक्षमा निर्णय हुने अपेक्षासहित आउँदै गरेको सन्दर्भमा कथामा भनिएको छ- "यत्तिकैमा हस्याङफस्याङ गर्दै मनोहरको पठ्ठो छोरो पनि आइपुग्यो । ... सोनवा उसको घरमा थिई, बाबुको शक्ति कम्ती छैन भन्ने उसको विश्वास थियो" (भिक्षु, २०६३, पृ. ४२) । कथामा आएको यस साक्ष्यबाट मनोहरको छोरो बाबुका शक्तिको पहुँचबाट आफ्नो घरमा बसेकी सोनवाको मजुरीसम्बन्धी विवादमा ऊ मजुरीमा निरन्तर आफ्नै घरमा रहने गरी निर्णय हुनेमा आशावादी देखिएको छ । उता बदरियाले भागेर मजुरी बस्न गएकी बुहारी सोनवालाई फिर्ता ल्याउन कुनै प्रयास नगरेको आरोप लगाउँदा अलगुवाले आँसु पुछ्दै "बद्री दाइ, ठूलाबडाले अझै पनि विचार गर्नुपर्ने हो, ऊ महतो घरमा गएकै बखत सम्झाई, हप्काई पठाइदिनुपर्ने थियो, ... बद्री दाइ, म बिग्रँ, सर्वनाश भयो" (भिक्षु, २०६३, पृ. ४२) भनेको छ । कथामा आएको यस साक्ष्यले गाउँका ठूलाबडाले निम्नवर्गका पात्रहरूलाई इज्जत प्रतिष्ठाका साथै सर्वनाश नै हुने कार्य गर्दा पनि उनीहरू साहसका साथ त्यसका विरुद्धमा मुख खोलेर बोल्न सक्ने अवस्थामा नरहेको प्रति सङ्केत गरेको छ । यसबाट कथामा वर्गीय आधारमा उच्चवर्गबाट निम्नवर्गका पात्रहरू दबिएर बस्न परेको वर्गीय विश्वदृष्टिको उद्‌घाटन भएको छ ।

कथामा पञ्च भेलाकै क्रममा बदरियाले सोनवालाई मजुरीबाट फिर्ता गर्न मनोहरसँग आग्रह गरेको छ । उसले भनेको छ- "मनोहर काका, के को झन्झट ! सोनवालाई भगाउनोस्, अलगुवा गरीब तपाईंकै शरणमा छ । उसको त छोरी भने पनि, बुहारी भने पनि सोनवा नै रहिछ, फसल काट्ने ताउको बखत आयो, अन्न सँगालिएन भने बिचरा भोकै मर्नेछ । हटाउनुस् यो टैटन्टा, है मनोहर काका !" (भिक्षु, २०६३, पृ. ४२) । कथाको यस साक्ष्यमा बदरियाले मनोहरसँग सोनवालाई मजुरीबाट फिर्ता पठाएर झन्झटबाट मुक्त हुन सल्लाह दिएको देखिन्छ ।

यसो गरेमा गरिब अल्गुवाको कल्याण हुने उसको विचार रहेको छ । मनोहर भने बदरियाको सल्लाह र विचारमा सहमत देखिँदैन । उसले "यो मजूरको कुरा हो, कटनी, रोपाइँ, निहाराइँमा साराले जो जहाँ पाए मजूरहरू तसल्ल गर्छन्, कसैको मजूर कसैले नछुटाउने, हानथाप नगर्ने संसारैका गाउँहरूको चलन नै हो । कटनीको बखत सोनवा मजूरी बसी नाइँ कसरी भन्छस्–पठाइदेऊ !" (भिक्षु, २०६३, पृ. ४३) भनेको छ । यस साक्ष्यमा मनोहरले सोनवालाई घरमा काम गर्न बसेकी श्रमिकका रूपमा मात्र हेरेको छ । ऊ खेतीपातीका क्रममा राखेको मजुरलाई कसैले हानथाप गर्न र छुटाउन नहुने गाउँघरको चलन नै भएकाले कटनीका बखत मजुरी बसेकी सोनवालाई फिर्ता पठाउन नसकिने अडानमा रहेको देखिन्छ । गाउँको निम्नवर्गको प्रतिनिधि पात्र बदरिया मनोहरले सोनवालाई मजुरीबाट फिर्ता गर्नुपर्ने विचारमा रहेको र मनोहर भने कटनीको काम नसकिएसम्म फिर्ता गर्न नसकिने हठमा रहेको छ । यसरी शोषक र शोषित वर्गका पात्र चयन गरी तिनका गतिविधिहरू अभिव्यक्त गरेकाले कथामा वर्गीय विश्वदृष्टि प्रस्तुत भएको पाइन्छ ।

कथामा घुरहूले पनि सोनवालाई मजुरीबाट फिर्ता गर्न मनोहरसँग आग्रह गरेको छ । उसले "सोनवा मजूर होइन, तपाईंकी, हाम्री छोरीबेटी पनि हो । अलगुवाको आफ्नै खेत काट्नुपर्नेछ । उसले मजूरी गर्न पठाएको होइन, ... सोनवालाई पठाइदिनोस्" (भिक्षु, २०६३, पृ. ४३) भनेको छ । यस साक्ष्यमा गाउँका गरिब किसानहरूको आत्मा मानिएको घुरहूले पनि मनोहरसँग सोनवालाई मजुरीबाट फिर्ता गर्न दबाब दिएको देखिन्छ । उसले सोनवा मजुर नभई हाम्रै छोरीबुहारी हो । अलगुवाको आफ्नै खेत काट्नुपर्ने भएकाले उसले बुहारीलाई मजुरी बस्न पठाएको पनि होइन । त्यसर्थ मनोहरले सोनवालाई फिर्ता गर्नुपर्छ भन्ने विचार घुरहूको रहेको छ । घुरहूको कुरा सुनेपछि मनोहरका छोराले "काका मुख नखुलाउनोस्, कटनीको याम छ, सोनवा तपाईंकहाँ नै गए पठाउनुहुन्थ्यो । ... मकहाँ बेग्लै कोठामा बसे सोनवाको इज्जत जाने, तपाईंको घरभित्रै बसे सबैको इज्जत रहने भन्ने च्यौताइँ तपाईंकै निम्ति छैन" (भिक्षु, २०६३, पृ. ४३) भनेको छ । यस साक्ष्यमा उच्चवर्गको भूमिकामा रहेको मनोहरको छोरो घुरहूको विचारका विरुद्धमा रहेको देखापर्छ । उसले कटनीका याममा मजुरी गर्न बसेकी सोनवा आफ्नो घरमा सुरक्षित नै रहेकीले घुरहूले अनावश्यक किसिमको शङ्का गर्नु उपयुक्त नभएको सङ्केत गरेको छ । घुरहूसँग विवाद गरिरहेको छोरालाई चुप बस्न भन्दै मनोहरले "घुरहू दाइले कुरा त ठिक्कै भन्नुभो, तर मकहाँ बसेर सोनवाको इज्जत जाने र तपाईंकहाँ भए नजाने कुरा मैले बुझिनँ" (भिक्षु, २०६३, पृ. ४३) भनेको छ । यस साक्ष्यमा मनोहरले सोनवा आफ्नो घरमा मजुरी बसेर सुरक्षित रहेकी र कटनीको काम नसकी उसलाई फिर्ता गर्नै नसकिने सङ्केत घुरहूलाई दिएको छ । यसरी उच्च र निम्नवर्गका सामूहिक विचार प्रस्तुत भएकाले कथामा वर्गीय विश्वदृष्टिको अभिव्यक्ति भएको पाइन्छ ।

कथामा तोयफवाले मनोहर र उसका छोराले सोनवामाथि आँखा गाडेको कुरा गरेकी छ । उसले ठूलो हुँदैमा अर्काको इज्जत नमान्ने अख्तियार कसैलाई नभएको भन्दै सोनवालाई फिर्ता गर्न मनोहरलाई दबाब पनि दिएकी छ । तोयफवाको कुरा सुनेपछि मनोहरले "तैँले भन्दैमा पठाइने हो र, बढो आइस् इज्जतवाली, आफ्नो कुरा त पहिले हेर् ..." (भिक्षु, २०६३, पृ. ४३) भनेको छ । यस साक्ष्यमा मनोहरले तोयफवालाई अन्न र धनको तागत देखाउँदै धम्काएको छ । उसले तोयफवालाई बढो आइस् इज्जतवाली भन्दै उसले भन्दैमा सोनवालाई मजुरीबाट फिर्ता नगर्ने सङ्केत पनि गरेको छ । कथामा उच्चवर्गका पात्र मनोहर र उसको छोरो सोनवालाई कटनीको काम नसकी फिर्ता नगर्ने पक्षमा देखिएका छन् भने घुरहू, उतराहे, बदरिया, तोयफवालगायत निम्नवर्गका पात्रहरू मनोहरले सोनवालाई मजुरीबाट फिर्ता गर्नैपर्ने अडानमा रहेका देखिन्छन् । कथामा आएका यी वर्गगत सन्दर्भले गाउँसमाजमा उच्चवर्ग र निम्नवर्गका पात्रहरूका बिचमा वैमनस्य सिर्जना हुने र उच्च वर्गबाट निम्न वर्ग सधैँ अधीनस्थ भई थिचिन परिरहेको वर्गीय विश्वदृष्टि प्रस्तुत भएको देखिन्छ ।

**लैङ्गिक विश्वदृष्टि**

लैङ्गिकता लिङ्गसम्बद्ध विषय हो । प्रकृतिद्वारा भएको जैविक विभाजन र समाजले फरक फरक भूमिका दिएर गरेको विभाजनअनुसार लैङ्गिकता महिला र पुरुष गरी दुई समूहमा विभाजित छ । मानिसको लैङ्गिक अवस्थामा केन्द्रित भई गरिने अध्ययन नै लैङ्गिकता हो । महिला र पुरुषबिचको असन्तुलित शक्तिसम्बन्ध पितृसत्ताका कारण स्थापित भएको हो । लैङ्गिकता शब्द कुनै पनि समाजको लैङ्गिक तथा सामाजिक वस्तुस्थितिको अध्ययन गर्दा प्रयोगमा आउने गर्छ । यसले मानिसका जैविक नभई सामाजिक भिन्नताको खोजी गर्छ (पाण्डे, २०६९, पृ. २) । यस भनाइबाट पनि महिला र पुरुषबिचको सामाजिक भिन्नता, भेदभाव र एउटा लिङ्गले अर्कोलाई गर्ने फरक व्यवहार नै लैङ्गिकता हो भन्ने देखिन्छ । लैङ्गिकता परम्परादेखि पछाडि पारिएका नारीहरूको आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृतिक अधिकारहरूको खोजी गर्ने क्रममा अगाडि आई नारीवादी आन्दोलनसँग जोडिएको विषय हो । पहिले लैङ्गिकताले नारीका मुद्दालाई मात्र अगाडि बढाए पनि अहिले नारीका मात्र नभई पुरुष र लैङ्गिक तेस्रोलिङ्गीका मुद्दाको समेत अध्ययन गर्ने परम्पराको विकास भएको छ । यस्ता कुराहरू सामूहिक चेतनाका रूपमा आउने भएकाले कृतिमा लैङ्गिक विश्वदृष्टिको अध्ययन गर्न सकिन्छ । यस आधारमा 'हारजित' कथा अध्ययनीय रहेको छ ।

'हारजित' कथामा अलगुवाकी बुहारी सोनवा घरपरिवारलाई जानकारी पनि नदिई गाउँको सम्पन्न व्यक्ति मनोहरको घरमा मजुरी बस्न गएको घटनासँगै मूल समस्याको उठान गरिएको छ । यसपछि अलगुवा रुँदै कराउँदै गाउँको प्रतिष्ठित व्यक्ति घुरहूको खुट्टा ढोग्न पुगेको छ । भेटमा उसले "महतो काका, तपाईं छँदै अब गाउँ छोड्नुपऱ्यो । बसिसक्नु भएन । काका, अब खपिसक्नु भएन" (भिक्षु, २०६३, पृ. ३६) भनेको छ । कथामा आएको यस साक्ष्यबाट तत्कालीन समयमा पश्चिम तराईको कपिलवस्तु जिल्लास्थित गोटिहवा गाउँमा नारीलाई हेर्ने लिङ्गगत

दृष्टिकोणलाई देखाउन खोजिएको छ । महिलाहरू घर छोडेर कतै कामकाजमा निस्कन नहुने; उनीहरू घरकै काममा सीमित हुनुपर्ने र बाहिर कतै कामकाजमा गइहालेमा त्यो विषय इज्जत र प्रतिष्ठाविपरीत मानिने कुरामा सामाजिक विश्वास स्थापित भएको तथ्यलाई अलगुवाको भनाइले सङ्केत गरेको देखिन्छ । अलगुवाको पीडा सुनेपछि उसको खुट्टा छुटाउँदै घुरहूले भनेको कुरालाई भिक्षु (२०६३) ले कथामा यसरी लेखेका छन् :

> यस्तो बेइजती खप्नु नै कसरी ! तर अलगू, तेरो छोराको पनि कम्ती दोष छैन है ! स्वास्नीलाई आफ्नै करबलमा राख्नुपर्छ, आइमाईको जात नाक नभए गू खान बेर लाउँदैनन्, त्यस गोजाङ्ग्रेको बिहा नै किन गरेको थिइस् ? सुनजस्ती स्वास्नी माटो पारिदिएर आज यो दिन पनि गाउँलाई हेर्नुपऱ्यो । (पृ.३६)

यस साक्ष्यमा घुरहू पनि अलगुवाको विचारसँग सहमत भएको देखिन्छ । उसले सोनवा मनोहरको घरमा मजुरी बस्न गएको घटनालाई गाउँसमाजकै लागि ठूलो बेइजतीको विषय ठानेको छ । उसले अलगुवाको गोजाङ्ग्रे छोराले स्वास्नीलाई आफ्नो करबलमा राख्न नसकेकै कारणले गर्दा गाउँकै नाक काटिने स्थिति आएको भन्दै नारीलाई होच्याउने अभिव्यक्ति दिएको छ । यसबाट समाजमा महिलालाई हेर्ने पुरुष दृष्टिकोण प्रस्तुत भएको पाइन्छ । कथामा अलगुवाले बुहारी सोनवालाई लक्ष्मी भन्दै ऊ भित्रिएपछि घरमा बरकत-बढतीको बाढी नै आएको स्विकारेको छ । उसले "तर काका, छोरोलाई मारेर फाल्न भएन । छोरो नै नरहे बुहारी के को ? राम्रो-नराम्रो, भलाद्मी-लुच्चा सँगाल्नैपर्छ" ( भिक्षु, २०६३, पृ. ३६) भनेको छ । कथामा आएको यस साक्ष्यबाट अलगुवाको छोरो नै ठीक छैन भन्ने देखिएको छ । छोरो जस्तो भए पनि ऊ नभए बुहारीको केही अर्थ नहुने भएकाले सँगाल्नै पर्ने भन्ने उसको विचार रहेको छ । यसबाट समाजमा पुरुषलाई बढी महत्त्व दिने र नारीको अस्तित्वलाई पुरुषसँग जोडेर हेर्ने लैङ्गिक विश्वदृष्टि प्रस्तुत भएको देखिन्छ ।

कथामा अलगुवाको छोरो गोजाङ्ग्रे र गजडी हुनुका साथै उसले पत्नी सोनवालाई गाँजा खाएर पिट्ने गरेको देखाइएको छ । यस सन्दर्भमा कथामा "बुहारीको दोष होइन, गोजाङ्ग्रे छोराले गाँजा खाई पिटीपिटी उसको सुनजस्तो आङ बङ्ग्याइदियो । ऊ केही नलागेर गई" ( भिक्षु, २०६३, पृ. ३७) भनिएको छ । यस साक्ष्यमा गोटिहवा गाउँका नारीहरू पतिबाट घरेलु हिंसाको सिकार हुने गरेका र असह्य भएपछि घर नै छोडी भाग्नुपर्ने स्थिति सिर्जना हुने गरेको देखाइएको छ । घरभित्रै नारीमाथि हिँसात्मक व्यवहार हुँदा र पुरुषले गाँजा खाँदै झल्लिएर हिँड्दा अलगुवाले बेइज्जत भएको महसुस गरेको छैन । समाजले पनि यस्तो कार्यलाई सामाजिक प्रतिष्ठामा आघात पुग्ने विषय बनाएको देखिँदैन । पतिको यातनालाई सहनै नसकेर आफ्नो जिउ आफ्नै पाखुरीको बलले मजुरी गरी खाने सोच बनाएर घरबाट निस्कँदा भने कथामा अलगुवाका साथै समाजकै इज्जत र प्रतिष्ठामाथि गम्भीर आघात पुगेको विषयका रूपमा चित्रण गरिएको छ । यसबाट नारी र पुरुषलाई हेर्ने लैङ्गिक विभेदजन्य विश्वदृष्टि प्रस्तुत भएको देखापर्छ ।

कथामा अलगुवाकी बुहारी सोनवा घर छोडेर मनोहरका घरमा मजुरी बस्न गएकी घटनामा केन्द्रित भएर पानीपनेरो, खेतखलिहान जतातत्तै गम्भीर चर्चाको विषय बनेको छ । यसैबिच बदरियाले घुरहूलाई भेटेर "एउटी जवान आइमाई कहिलेसम्म बाँच्छे ! अहिले त नयाँ भर्खरको कुरा भएर त हो नि, निर्धक्क लाज पचाउन सकिन । गाउँघर छँदै छ, आँट पनि कसरी हुने ? तैपनि काका, पछि परन्तुसम्म बाँचिरहने नै छाँट यो होइन नि ! अनि ... ?" (भिक्षु, २०६३, पृ. ३८) भनेको छ । कथामा आएको यस साक्ष्यमा सोनवा घर छोडेर मनोहरका घरमा मजुरी बस्न गएकीले अब विवाहित नारीको सत् सुरक्षित नरहने आशङ्का बदरियाले गरेको देखिन्छ । ऊ जवान पनि छे । त्यहाँ बस्न थाल्दाथाल्दै भर्खरै केही नभए पनि बस्दै गर्दा ऊ चोखी रहन सक्दिन भन्ने कुरा उसले देखाउन चाहेको छ । यसबाट पुरुष घरबाहिर काम गर्न निस्कँदा त्यसलाई स्वाभाविक रूपमा लिइने भए पनि नारी त्यसरी घरबाहिर मजुरी बस्न जाने कार्यलाई सतीत्व डुब्ने रूपमा लिइने सामाजिक दृष्टिकोण बनेको देखापर्छ । पुरुषले मात्र नभएर नारीहरूले पनि सोनवाको मजुरीको विषयलाई गम्भीर सामाजिक समस्याको रूपमा लिएका छन् । कथामा तोयफवा र महतिनी सोनवाको विषयमा कुरा गर्दै गरेको सन्दर्भलाई भिक्षु (२०६३) ले चर्चा गर्दै लेखेका छन् :

> दाल माग्न आउँदा उसले महतिनीसँग भनी– "दिदी यस्ती दीदाकी दब्बर अझसम्म गाउँमा कुनै बहुरिया आएकी थिइन, हुन त संसारमा हावा-बयार नलागेको रुख नै कुन होला, तैपनि आँखाओत पहाड, तर यसरी सारा गाउँको छातीमा मुङ दल्ने यो सोनवा छुच्चो नै हो । मान्दछु लोग्ने गोजाङ्ग्रे छ, गाँजा खाएको नशामा कहिलेकाहीँ पिट्छ, तर हामीले पनि आफ्ना आफ्ना मरद सासूससुराका कम्ती सहेर गृहस्थी चलाएका छैनौँ । बैँस छँदा यो त भइ नै रहन्छ, दिदी होइन ?" महतिनीले दाल दिँदै उत्तर दिइन्- "तायफा जुग पल्टेछ, छोरीबुहारी त मरदपठ्ठाका कानकाट्ने पो भए । मेरी छोरीबुहारी भए भुतहवा तालमा लगेर बोरिदिन्थे ... तर यसले त अचाक्ली नै गरी !" । (पृ. ३८-३९)

प्रस्तुत साक्ष्यमा तोयफवाले घरबाट भागेर मनोहरका घरमा मजुरी बस्न गएकी सोनवाबाट अक्षम्य गल्ती भएको भन्ने देखाउन चाहेकी छ । उसले यस्ती लाज नभएकी बुहारी गाउँमा कोही आएका थिएनन् । यसले गाउँको छातीमा मुङ दल्ने काम गरेकीले यो सारै छुच्ची आइमाई हो भनेकी छ । अलगुवाको गोजाङ्ग्रे छोराले गाँजा खाएको नशामा सोनवालाई पिट्ने गरेकामा बैँस छँदा यस्तो भई नै रहन्छ भन्दै तोयफवाले आफ्नो विचारमा महतिनीलाई पनि सहमत गराउने प्रयास गरेकी देखिन्छ । महतिनी पनि युग नै पल्टेकाले अहिलेका छोरीबुहारी मरदपठ्ठाका कानै काट्ने बाटोमा लागेका भन्दै तोयफवाको विचारसँग सहमत भएकी छ । उसले आफ्ना छोरीबुहारीले त्यसो गरेका भए भुतहवा तालमा

लगेर डुबाइदिन्थेँ पनि भनेकी छ । महतिनीले सोनवाले घर धान्न गरेको कामधन्दालाई भने सामान्य रूपमा लिएकी छ । सिँदुर हालेर ल्याएकी पत्नीलाई पतिले पिट्ने कार्यलाई पनि उसले स्वाभाविक रूपमा स्वीकार गर्दै पतिले पत्नीलाई कहिले पिट्ने र कहिले काखमा बसाल्ने भएकाले यतिकैमा सोनवा घर छोडेर मजुरी बस्न जानु अचाक्ली नै भएको भन्ने महतिनीको विचार रहेको देखिन्छ । कथामा आएको यस किसिमको सन्दर्भले नारीहरू नारीकै पक्षमा सहानुभूतिशील बन्न नसकेका देखाएको छ । उनीहरूले सोनवालाई उसका पतिले गरेको ताडना स्वाभाविक र ऊ मजुरी बस्न गएको विषय भने गम्भीर त्रुटि हो भन्ने देखाउन खोजेका छन् । यस सन्दर्भबाट कथामा गाउँसमाजमा पुरुषले मात्र नभई नारीले पनि बुहारीलाई नै गलत साबित गर्न प्रयत्न गर्ने गरेको सामुहिक चेतना प्रकट भएकाले लैङ्गिक विश्वदृष्टिको उद्घाटन भएको देखिन्छ ।

कथामा घरमा मजुरी बस्न आएकी अलगुवाकी बुहारी सोनवालाई आफ्नो छोराले फकाउन सकेमा राम्रो हुने कल्पना मनोहरले गरेको छ । यस सन्दर्भमा कथामा भनिएको छ- "मनोहरको अन्तश्चेतनामा कहिलेकाहीँ यो विचार पनि अवश्य आउँछ कि 'पछि सोनवालाई छोराले फकाउन सक्यो र उसले पनि यति जायज्यथाकी मालिक्नी हुन पाउने लोभ सँगाली भने अलि अप्ठ्यारो पर्छ ।' तर यो पछि परन्तुको कुरा हो" (भिक्षु, २०६३, पृ. ३९) । कथामा प्रस्तुत यस साक्ष्यबाट मनोहरले सोनवालाई मात्र मजुरीको लागि आफ्नो घरमा राखेको नभई ऊ निकै राम्री र कामकाजी भएकीले बुहारी नै बनाउन सकिन्छ कि भन्ने अभिप्रायले राखेको देखिन्छ । घरमा बसेर काम गर्दै जाँदा छोराले फकाउन सक्यो र उसले पनि यति धेरै जायजेथाकी मालिक्नी हुन पाउँछु भन्ने ठानी भने ऊ आफ्नी बुहारी बन्न सम्भव छ भन्ने कुरा मनोहरको भित्री मानसिकतामा गडेको देखापर्छ । उसका छोराले पनि सोनवालाई आँखा गाडेको कुरा तोयफवाको भनाइबाट देखिन्छ । उसले "मनोहर दाइ, कुरा नबढाउनुहोस् तपाईंको छोरो र तपाईंको पनि आँखा सोनवामाथि गडिरहेको अरूले नबुझे पनि हामी आइमाई थाहा नपाउने होइनौँ" (भिक्षु, २०६३, पृ. ४३) भनेकी छ । कथाको यस साक्ष्यबाट मनोहरको छोरो पनि भित्रभित्रै सोनवालाई आफ्नी पत्नी बनाउन सकिन्छ कि भन्ने मानसिकता बनाएर बसेको भन्ने देखिन्छ । यस सन्दर्भबाट गाउँसमाजका पुरुषहरू नारीको सतीत्व डगाउन र उनीहरूको अस्मितामा चोट पुऱ्याउन लागिपर्ने गरेका सामाजिक पक्षलाई देखाएर लैङ्गिक विश्वदृष्टि प्रस्तुत गरिएको छ ।

कथामा तोयफवाले आफू नारी भएर पनि नारीका बारेमा नकरात्मक टिप्पणी गरेकी छ । उसले "यहाँ सबै पञ्च बनेका छन्, हामी आइमाईको गू खाने जात आज सोनवा मनोहर दाइकहाँ बसी भने भोलि मेरो र यहाँहरूका छोरीबुहारीले पनि बाटो नसमाती कहाँ छोड्छन् र ?" (भिक्षु, २०६३, पृ. ४२) भनेकी छ । कथामा आएको यस साक्ष्यमा तोयफवाले आफूसमेत सबै नारीलाई गुहु खाने जात भनेर निच देखाउने अभिव्यक्ति दिएकी छ । उसले सोनवाको मजुरी विषयलाई यतिकै छोड्ने हो भने भोलिका दिनमा सबै छोरीबुहारीले यस्तै समस्या सिर्जना गर्न सक्दछन् भन्ने कुरामा पञ्चहरूको ध्यानाकर्षण गराउन चाहेकी छ । उसको यस भनाइबाट गाउँसमाजमा नारीलाई पुरुषका तुलनामा निच देखाएर लैङ्गिक रूपमा विभेद गर्ने गरिएको यथार्थको उद्घाटन भएको छ । तोयफवाको विचारसँगै घुरहूले मनोहरलाई सम्झाउँदै "मनोहर भाइ, सोनवा मजुर होइन, तपाईंकी, हाम्री छोरीबेटी पनि हो । अल्गुवाको आफ्नै खेत काट्नुपर्ने छ । उसले मजुरी गर्न पठाएको होइन, छोरीबुहारी नकच्चरानकच्चरी नभए तपाईंकहाँ सोनवालाई जानैपर्ने कुरै थिएन" (भिक्षु, २०६३, पृ. ४३) भनेको छ । कथामा आएको यस साक्ष्यमा बुहारीलाई मजुरको रूपमा हेर्न नहुने सामाजिक प्रचलन रहेको र पुरुष व्यक्ति भने त्यसरी मजुर भएर काम गर्न जाँदा कुनै समस्या नहुने देखाइएको छ । यसबाट बुहारी अर्काका घरमा मजुरी बस्न गएमा नकचरी हुने र पुरुषलाई भने यस्तो आरोप नलगाइने विभेदयुक्त सामाजिक सन्दर्भ प्रस्तुत गरी कथामा लैङ्गिक विश्वदृष्टि प्रस्तुत गरिएको पाइन्छ ।

कथामा तोयफवाले मनोहर र उसका छोरालाई सोनवामाथि आँखा गाडेको आरोप लगाउँदै उसलाई फिर्ता पठाउनुपर्छ भनेकी छ । यसपछि उसको कुराको प्रतिकार गर्दै मनोहरले "तैँले भन्दैमा पठाइने हो र, बडो आइस् इज्जतवाली, आफ्नो कुरा त पहिले हेर् ..." (भिक्षु, २०६३, पृ. ४३) भनेको छ । कथामा प्रस्तुत मनोहरको यस्तो अभिव्यक्तिबाट सामाजिक सरोकारका विषयमा खुलेर बोल्न अघि सर्ने नारीलाई दबाउने प्रयत्न भएको देखापर्छ । यसबाट नारीहरूलाई गल्ती गर्दा त होचिनै परेको थियो । सत्य र यथार्थ कुरा बोल्दा पनि पुरुषहरूले गलत आक्षेप लगाएर निरुत्साहित गर्ने सामाजिक पक्षको उद्घाटन भएको छ । यसले पुरुष र नारीका बिचमा पाइने लैङ्गिक विभेदयुक्त विश्वदृष्टिलाई प्रस्तुत गरेको छ ।

कथामा घुरहू अर्को कुनै विकल्प नदेखिएपछि सट्टामा आफ्नी छोरी रतियालाई मजुरीमा राखी अलगुवाकी बुहारी सोनवालाई मजुरीबाट मुक्त गर्ने निर्णयमा पुगेको छ । यही क्रममा उसले रतियालाई हातमा समातेर पञ्च भेलातर्फ लाँदै गर्दा महतिनीले "यो के गरेको, त्यो अर्काकी बुहारी हो, चार दिनलाई माइत आउँदैमा त्यसको इज्जत बिर्सन पाइन्छ र, कहाँ जान लागेको बहुलायौ कि कसो" (भिक्षु, २०६३, पृ. ४५) भनेकी छ । कथामा आएको यस साक्ष्यमा घुरहूले छोरी भनेर सोनवाको सट्टामा रतियालाई मजुरीमा राख्न लागेको भए पनि महतिनीले भने रतियालाई ऊ छोरी मात्र नभएर अर्केकी बुहारी पनि हो भनी आफ्ना पतिलाई सम्झाउन खोजेकी छ । सट्टामा मजुरीमा राख्दा रतियाको पनि इज्जतको प्रश्न उठ्छ भन्ने महतिनीको विचार रहेको छ । यसबाट बुहारी भइसकेका नारीहरू घरबाहेक अन्यत्र कामकाजमा गएमा चारित्रिक रूपमा बिग्रन्छन् भन्ने मानसिकता गाउँसमाजमा स्थापित भएको देखापर्छ । यस सन्दर्भबाट कथामा विवाहित नारीलाई हेर्ने लैङ्गिक विभेदयुक्त विश्वदृष्टि अभिव्यक्त भएको पाइन्छ ।

**सांस्कृतिक विश्वदृष्टि**

समाज विभाजनका विभिन्न आधारमध्ये सांस्कृतिक आधार पनि एउटा महत्त्वपूर्ण पक्ष हो । समाजमा परम्परादेखि मान्दै आएका चालचलन, रीतिरिवाज, धर्म, संस्कृति, मूल्य र मान्यताले पनि विभिन्न वर्ग वा समूहलाई जन्माएका हुन्छन् । संस्कृति त्यो संश्लिष्ट रूप हो जसभित्र समाजको सदस्यका रूपमा मान्छेले आत्मसात् गर्ने ज्ञान, विश्वास, आचरणहरू र अन्य क्षमता पर्दछन् (पाण्डेय, २०७३, पृ. ५४) । समाजका व्यवहार, रीतिथिति तथा मूल्यमान्यताका आधारमा साहित्यिक कृतिमा सांस्कृतिक विश्वदृष्टिको अध्ययन गर्न सकिन्छ । यस आधारमा 'हारजित' कथा अध्ययनीय रहेको छ ।

'हारजित' कथामा अलगुवाकी बुहारी सोनवा घरपरिवारलाई जानकारी नै नदिई घरबाट भागेर मनोहरका घरमा मजुरी बस्न गएकी छ । गोटिहवा गाउँमा बुहारी यसरी अर्काको घरमा मजुरी बस्न जानु हुँदैन भन्ने सामाजिक परम्परा रहिआएको देखिन्छ । चलिआएको परम्पराविपरीत सोनवा मजुरी बस्न गएकीले अलगुवाले आफ्नो ठूलो बेइज्जत भएको ठानेको छ । उसले घुरहू महतोसँग "महतो काका, तपाइँ छँदै अब गाउँ छोड्नुपऱ्यो । बसिसक्नु भएन । काका अब खपिसक्नु भएन" (भिक्षु, २०६३, पृ. ३६) भनेको छ । यस साक्ष्यबाट सोनवाले परम्परागत मूल्य र मर्यादाको उल्लङ्घन गरेकी भन्ने देखिएको छ । घरकी बुहारी पति र ससुरालाई पनि नसोधी अर्काको घरमा मजुरीमा काम गर्न गएबाट बस्न नसक्ने अवस्था भएकाले गाउँ नै छोडेर जानुपर्ने भयो भनी अलगुवाले घुरहूसँग अनुनय गरेको छ । उसको कुरा सुनेपछि घुरहूले पनि "यस्तो बेइज्जती खप्नु नै कसरी !" (भिक्षु, २०६३, पृ. ३६) भनेको देखिन्छ । यस साक्ष्यबाट सोनवाको मजुरीको विषय घरपरिवार, गाउँसमाज सबैका लागि बेइज्जती र लाजको विषय बन्ने देखिएको छ । कथामा अलगुवाले "बुहारी त लक्ष्मी नै थिई ... तर जग्गे प्रदच्छिनाको सात फेरोमा बाँधी, बाजा बजाई ल्याएकी बुहारी आफू छँदै अर्का घरमा गई बसेको लाजभन्दा बढी के काल हुन्छ र !" (भिक्षु, २०६३, पृ. ३७) भनेको छ । यस साक्ष्यले विवाह संस्कार र परम्परालाई दर्साएको देखिन्छ । यसमा अलगुवाले बुहारीलाई धनकी देवी लक्ष्मीको रूप मानेको छ । विवाह गर्दा यज्ञस्थलमा प्रदक्षिणा गरेर सात फेरोमा बाँधिई बाजा बजाएर दुलहीको जन्मघरबाट कर्मघरमा भित्राइने सनातन धार्मिक परम्परा र संस्कार अलगुवाको भनाइबाट झल्किएकाले यसमा सांस्कृतिक विश्वदृष्टि अभिव्यक्त भएको पाइन्छ ।

कथामा मनोहरको सम्पन्नताको चर्चा संस्कृतिसँग जोडेर गरिएको छ । यस क्रममा "उसको गाडा खिच्ने बैलको जोडा वरिपरिका दश-पाँच गाउँमा प्रख्यात थियो, भैंसी पनि सात-सातओटा जसमा दुईओटा 'मुरो' जातका गएका सालमा नै हरिहरक्षेत्रको गङ्गास्नान गर्न जाँदा मेलाबाट किनेर उसले ल्याएको थियो" (भिक्षु, २०६३, पृ. ३७) भनिएको छ । कथाको यस साक्ष्यमा हरिहर क्षेत्र, गङ्गास्नान र त्यस क्षेत्रमा लाग्ने धार्मिक मेलाको चर्चा गरिएको छ । यसले धार्मिक संस्कृति र संस्कारको विषय उठाएको देखिन्छ । कथामा घुरहूले "भगवान्को नाउँ लिइरहेको थिएँ, ढाड पनि दुखिरहेको छ, बुढ्याइँले छोप्यो" (भिक्षु, २०६३, पृ. ४१) भनेको छ । यस साक्ष्यमा घुरहूको धर्मकर्मप्रतिको आस्था प्रकट भएको छ । उसको यस विचारबाट फुर्सदको समयमा भगवान्को नाम जप्नु र भगवान्लाई सम्झेर समय बिताउनु हिन्दु सनातन धार्मिक परम्परा र संस्कृति हो भन्ने सामूहिक विचार झल्किएको छ । यस सन्दर्भबाट कथामा धार्मिक सांस्कृतिक विश्वदृष्टि प्रस्तुत भएको देखिन्छ ।

कथामा सोनवाको मजुरीसम्बन्धी विवादको समाधान गर्न गाउँमा पञ्च भेला आयोजन गरिएको छ । उक्त भेलामा गाउँलेहरूले सोनवालाई मजुरीबाट फिर्ता गर्नुपर्ने भनिरहेका छन् । यसैबिच मनोहरले "यो मजूरको कुरा हो, कटनी, रोपाइँ, निराइँमा साराले जो जहाँ पाए मजूरहरू तसल्ल गर्छन्, कसैको मजूर कसैले नछुटाउने, नगर्ने संसारैका गाउँहरूको चलन नै हो । कटनीको बखत सोनवा मजुरी बसी नाइ कसरी भन्छस्–पठाइदेऊ !"(भिक्षु, २०६३, पृ.४३) भनेको छ । मनोहरको यस भनाइबाट गाउँसमाजमा मजुरीका विषयमा चल्दै आएको परम्परागत चलनको उद्घाटन भएको छ । खेतीपाती धेरै हुनेले मजुर खोज्ने र एउटाले राखेको मजुरलाई अर्काले नछुटाउने अनि खेतीको काम सकिएपछि मजुरी दिएर मजुर फिर्ता गर्ने सामूहिक परम्परा रहेको देखिन्छ । यही परम्परालाई कथ्यवस्तुमा जोडेर कथामा सांस्कृतिक विश्वदृष्टि प्रस्तुत गरिएको छ ।

कथामा मनोहरले सोनवालाई मजुरीबाट फिर्ता गर्न नमानेपछि घुरहूले माइत आएकी आफ्नी छोरी रतियालाई सट्टामा मजुरीमा राखेर सोनवालाई मजुरीबाट मुक्त गर्ने निर्णयमा पुगेको छ । यस क्रममा उसले "यसको बिहा गर्दा तपाइँ र तपाइँकी महतिनी-बुहारीले पनि यसको खुट्टा पखाली पुजेर गोडधुवा, दक्षिणा चढाउनुभएकै हो, यो नासो तपाइँकहाँ छोड्न मलाई कुनै शङ्का छैन" (भिक्षु, २०६३, पृ. ४५) भनेको छ । यस साक्ष्यमा छोरीको विवाहमा बाबुआमा, गाउँ हानथापसमाजका आफन्त दाजुभाइले खुट्टा पखालेर गोडा धुने र टीका लगाई दक्षिणा प्रदान गर्ने परम्परागत तथा सामूहिक सांस्कृतिक पक्षको उद्घाटन भएको छ । यसले हिन्दु सनातन धर्ममा विवाहका क्रममा गरिने कर्मपद्धतिलाई झल्काएको छ । यस सन्दर्भबाट पनि कथामा सांस्कृतिक विश्वदृष्टिको उद्घाटन भएको देखिन्छ ।

रतिया सोनवाको सट्टामा मनोहरको घरमा मजुरी बस्न गएकी छ । त्यही बखत उसको ससुरो बुहारी लिन आएको भन्ने थाहा पाएर मनोहरले बाटैबाट छेकी सेवासत्कार र सम्मानका साथ आफ्नै घरमा पुऱ्याएको कथामा देखिन्छ । बिदाइका लागि पनि उसले ठूलै तयारी गरेको छ । यस सन्दर्भमा कथामा "मनोहरकहाँ घरको बाहिर प्राङ्गणमा चार-पाँच जोर रातो, पहेँलो रङ्गको र मुख कहतारोले छोपी, चामलको गिलो पीठोले टाँसी बन्द गरिएका घ्याम्पाहरू राखिएका छन्" (भिक्षु, २०६३, पृ. ४६) भनिएको छ । यस साक्ष्यले पश्चिम तराईमा विशिष्ट पाहुनालाई बिदाइ गर्दाको सांस्कृतिक परम्परालाई प्रस्तुत गरेको छ । मनोहरले रतिया र उसका ससुरालाई बिदाइ गर्दा सम्पन्न गरेको शिष्टाचारको चर्चा

गर्दै भिक्षु (२०६३) ले लेखेका छन् :

> कैयौँओटा चिप्ला रेशमी सारी, रातो, पहेँलो चोलो र अन्न तथा मिठाई भरेका चार-पाँच जोर पेटारासमेत पछिपछि लाएर रतियालाई लिई मनोहरकी स्वास्नी महतिनी घरबाट बाहिर निस्किन् । चलनअनुसार सम्धी पुऱ्याउन मनोहर पनि गाउँबाहिरसम्म आए । ... छुट्टिने बखत त्यहीँ बाटोमै एकछिनसम्म छोरीबेटीका बिदाइका बखत हुने केही करुण-शिष्टाचार र आँसुका आदानप्रदान पनि भए । (पृ.४७)

प्रस्तुत साक्ष्यमा मनोहरले रतिया र उसका ससुरालाई बिदाइका क्रममा सम्पन्न गरेको सांस्कृतिक चित्र झल्किएको छ । बिदाइका क्रममा मनोहरले कैयौँ सारीहरू, चोलो, अन्न तथा मिठाई भरेका पेटाराहरू उपहारस्वरूप प्रदान गरेको छ । मनोहरकी पत्नी महतिनी रतियालाई लिएर घरबाट निस्किएकी छ । मनोहर पनि सम्धी पुऱ्याउन घरबाहिरसम्म आएको छ । छोरी बिदाइका क्रममा हुने करुण शिष्टाचार र आँसुको आदानप्रदान गरिएको छ । यहाँनेर मनोहर र उसकी महतिनीका व्यवहारमा परावैयक्तिक सांस्कृतिक चेतना अभिव्यक्त भएको देखापर्छ । यी सन्दर्भहरूबाट कथामा तराईको मात्र नभएर नेपाली समुदायकै सांस्कृतिक झलक प्रस्तुत भएकाले यसमा सांस्कृतिक विश्वदृष्टि प्रस्तुत भएको पाइन्छ ।

## निष्कर्ष

'हारजित' भवानी भिक्षुको मनोसामाजिक यथार्थमा आधारित कथा हो । यस कथामा घुरहू, मनोहर, अलगुवा, सोनवा, रतिया, उतराहे, बदरिया, तोयफवालगायतका पात्र कथात्मक कार्यव्यापारमा देखिएका छन् । पश्चिम तराईको कपिलवस्तु जिल्लाको गोटिहवा गाउँलाई स्थानगत परिवेश बनाई लेखिएको यस कथामा आञ्चलिक रङ्गसङ्गतिसहित स्थानीय जीवनपद्धतिको उपयोग गरिएको छ । पात्रका मनस्थिति र ग्रामीण सामाजिक चित्रलाई सुन्दर किसिमले देखाइएको यस कथाको विश्वदृष्टि पनि सशक्त रहेको छ । यस आधारमा हेर्दा प्रस्तुत कथामा वर्गीय, लैङ्गिक र सांस्कृतिक विश्वदृष्टि अभिव्यक्त भएका छन् । यी तीन किसिमका विश्वदृष्टिको उपस्थितिले कथा यस आधारमा विश्लेषणीय बनेको छ ।

कथामा सोनवाको मजुरीसम्बन्धी विवादलाई मुख्य विषय बनाएर पात्रहरू निम्नवर्ग र उच्चवर्गमा विभाजित भएका छन् । उच्च वर्गका पात्रले निम्न वर्गका पात्रलाई हेपाहा दृष्टिले हेरेका छन् । पात्रीय कार्यव्यापार र व्यवहार लैङ्गिक आधारमा भिन्न प्रकृतिको देखिएको छ । यसले गर्दा लैङ्गिक विश्वदृष्टिको आयोजन पनि सशक्त बनेको छ । कथामा पात्रका व्यवहार र विचार स्थानीय ग्रामीण समाजका परम्परागत विश्वास, प्रचलन, सामाजिक व्यवहार, धर्म आदि सांस्कृतिक सन्दर्भ र मूल्य आदिबाट प्रभावित र प्रेरित भएका छन् । यसले गर्दा सांस्कृतिक विश्वदृष्टिको उपयोगका आधारमा पनि कथा प्रभावकारी देखिएको छ ।

वर्गीय, लैङ्गिक र सांस्कृतिक तीनै प्रकृतिका विश्वदृष्टिको उपयोग कथामा सोनवाको मजुरी विवादमा केन्द्रित भएर गरिएको छ । पात्रका वर्गीय रूपमा विभाजित विचार र व्यवहारलाई देखाउन; लैङ्गिक भिन्नताका आधारमा देखिने विचार, व्यवहार र प्रभावको आँकलन गर्न; परम्परित संस्कार, व्यवहार, प्रचलन, धर्म आदि सांस्कृतिक सन्दर्भले पात्रका कार्यव्यापार र जीवनशैलीमा पारेको प्रभावलाई खोज्न; गाउँसमाजका व्यवहारगत सरलता र कुटिलतालाई यथार्थ रूपमा प्रस्तुत गर्न; पाठकीय रुचि जगाउन र कौतुहलताको सिर्जना गर्न कथामा विश्वदृष्टिको उपयोग गरिएको छ । निष्कर्षमा 'हारजित' कथामा पात्रका कार्य र अभिव्यक्तिका माध्यमबाट वर्गीय, लैङ्गिक र सांस्कृतिक विश्वदृष्टि कलात्मक रूपमा अभिव्यक्त भएको देखिन्छ ।

## सन्दर्भ सामग्रीसूची


सेरिडन, अलान, अनु. (सन् १९७५), *टुवार्ड्स अ सोसियोलोजी अफ द नोबल,* टाभिस्टोक पब्लिकेसन्स ।

बोयलहावर, विलियम क्यु., अनु. (सन् १९८०), *एस्सेज अन मेथड इन द सोसियोलोजी अफ लिटरेचर,* टेलस प्रेस लिमिटेड ।

उपाध्याय, ददन, अनु. (सन् १९८६), *ऐतिहासिक भोतिकवाद क्या है ?*, प्रगति प्रकाशन ।

पाठक, जया (२०४९), भिक्षुको कथाकारिता र हारजित कथामा प्रतिबिम्बित तराई समाज, *उन्नयन,* भिक्षु विशेषाङ्क (१०), ११३-११८ ।

पाण्डे, ज्ञानू (२०६९), *नेपाली उपन्यासमा लैङ्गिकता,* नेपाल प्रज्ञा प्रतिष्ठान ।

पाण्डेय, ताराकान्त (२०७३), *मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र,* साझा प्रकाशन ।

पाण्डेय, मैनेजर (सन् १९८९), *साहित्यकी समाजशास्त्र की भूमिका,* साहित्य अकादमी ।

भण्डारी, गोपाल (२०५१), *भिक्षुका कथामा मनोविज्ञान,* मानविकी तथा सामाजिक शास्त्र सङ्काय, डीनको कार्यालय, त्रि.वि.(अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध) ।

भिक्षु, भवानी (२०६३), *मैयाँसाहेब* (पाँचौँ संस्क.), साझा प्रकाशन ।

रिमाल, डिल्लीराम (२०४९), मानवीय उच्च अहम्को द्वन्द्वका रूपमा हारजित, *उन्नयन,* भिक्षु विशेषाङ्क (१०), पृ.२५४-२५७ ।

शर्मा, गणेशप्रसाद (२०८०), भवानी भिक्षुका कथामा वर्गद्वन्द्व, *प्रज्ञा-सारथि,* (२२), ४४-५२ ।

शर्मा, गणेशप्रसाद (२०८१), *भवानी भिक्षुका कथामा द्वन्द्वविधान,* मानविकी तथा सामाजिक शास्त्र सङ्काय, डीनको कार्यालय, त्रि.वि.(अप्रकाशित

विद्यावारिधि शोधप्रबन्ध) ।
श्रेष्ठ, दयाराम र आचार्य, व्रतराज (सम्पा), (२०५५), *नेपाली साहित्य सञ्चय (*भाग १), रत्न पुस्तक भण्डार ।
सिंह, बच्चन (सन् २००७), साहित्य के समाजशास्त्र की वास्तविकता, *साहित्य का समाजशास्त्र*, लोकभारती प्रकाशन, पृ. ८८-९५ ।

**Ethical approval for the research:** Not applicable

**Consent for publication**: Not applicable

**Conflict of interest:** The author does not have any conflict of interest with any institutions concerning this research

**Ethical conduct of research:** This paper is written ethically

**Author's Bio-note:**

Dr. Ganesh Prasad Sharma is an Assistant Professor of Nepali literature in TU, Nepal. He has got PhD in Nepali literature from Tribhuvan University. His area of interest is Nepali linguistics and literature. He has published number of articles related with linguistics and Nepali literature.